नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय
## धनकुटा

फोन नं.०२६-५२०२७१
Email:-dhankuta@dolma.gov.np

पत्र संख्याः ०७७।०७८
च.नं.

मितिः २०७७।११।०३

विषयः भू-सेवा केन्द्र अनुमति लिने सम्बन्धि सूचना ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट मिति २०७७ माघ १४ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ लागु गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू सेवा केन्द्र स्थापना तथा संचालन गर्नको लागी मालपोत नियमावली २०३६ नियम २३(क) र २३(ख) बमोजिम योग्यता पुगेका तथा भू सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानिय सरकारले अनुमती लिनथको लागि मिति २०७७।११।०४ देखि २०७७।१२।०३ सम्म https://public.dolma.gov.np/ मार्फत अनलाईन निवेदन पेश गरी सोसंग सम्बन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

भू सेवा केन्द्रको अनुमती किसिम र योग्यता तपशिल अनुसार हुनेछ ।

| व्यक्तिको हकमा | रजिष्ट्रर्ड संस्थाको हकमा | स्थानिय तहको हकमा | कानून/लेखापढी व्यवसायीको हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| क. नेपाली नागरिक, १८ वर्ष उमेर पुरा भएको,<br>ख. कम्प्यूटर विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तहवा सो सरह उत्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धि कम्तीमा ६ महिनाको | क) प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको,<br>ख) संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भै अठार वर्ष उमेर पुरा भएको,<br>ग) संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्यूटर विषय लिई कम्तीमा | सेवा केन्द्र सञ्चालनको लागि जनशक्ति र पूर्वाधार भएको । | क. कानून व्यवसायी वा लेखापढी व्यवसायको प्रमाण-पत्र भएको,<br>ख. नेपाली नागरिक,<br>ग. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको,<br>घ. करचुक्ताको प्रमाण-पत्र भएको,<br>ङ. भू-सेवा केन्द्र सञ्चालनको लागि दफा | क. प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा भएको,<br>ख. आफ्नो नाममा भएको जग्गाको कित्ता विवरणहरु भू-सूचना प्रणालीमा अद्यावधिक भएको, तर सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता श्रेस्तामा भएको |

कार्यालय प्रमुख

फोन नं.०२६-५२०२७१
Email:-dhankuta@dolma.gov.np

| | | | | |
|---|---|---|---|---|
| तालिम प्राप्त गरेको,<br>ग. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको,<br>घ. सेवा केन्द्र संचालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको,<br>ङ. नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषि प्रमाणित नभएको । | प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धि कम्तिमा ६ महिना तालिम प्राप्त गरेको,<br>घ. प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको,<br>ङ. कर चुक्ताको प्रमाणपत्र र भू-सेवा केन्द्रको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको । | | ७ बमोजिमको भौतिक पूर्वाधार भएको । | विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले सम्बन्धित कार्यालयमा गई डाटा अध्यावधिक गराउनुपर्नेछ । |

भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधारः-

- कम्प्यूटर
- प्रिन्टर
- ब्याकअप सिस्टम,
- स्क्यानर,
- भू-सूचना प्रणालीसंग कम्प्याटिबल हुने बायोमेट्रिक डिभाइस (Finger Print Device) र
- Internet Connectivity कम्तीमा 2/2 Mbps Dedicated Line भएको ।

कार्यालय प्रमुख

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय
## धनकुटा

फोन नं.०२६-५२०२७१
Email:-dhankuta@dolma.gov.np

**अनुमति प्रमाण पत्रको दस्तुर, अवधि तथा नवीकरण सम्बन्धि व्यवस्था**

१. साधारण प्रयोगकर्ताले युजर एकाउन्ट खोल्न सम्बन्धित कार्यालयमा पाँच सय रुँपैया दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नविकरणका लागि एक सय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ ।

२. साधारण प्रयोगकर्ताले युजर एकाउन्ट नविकरण नगरेको अवस्थामा अनलाईन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुँच स्वत: निस्कृय हुनेछ ।

३. भू-सेवा केन्द्र सम्बन्धि अनुमती पत्र लिन देहाय बमोजिमको दस्तुर लाग्नेछ:

क) व्यक्तिको हकमा तीन हजार रुँपैया

ख) संस्थाको हकमा पाँच हजार रुँपैया

उक्त दस्तुर यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. १०००२०००१०००० कार्यालय कोड ३३६०१०६०१ शिर्षक नं. १४२२९ राजश्व खातामा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

४. भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिन चाहने व्यक्तिले यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. २०१०१००१०२०३०००० मा धरौटी बापत देहाय बमोजिम नगद रकम जम्मा गर्नुपर्नेछ । बैंक ग्यारेन्टीको हकमा चालु आर्थिक वर्षको बाकी रहेको अवधिमा एक महिना थप गर कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

क) व्यक्तिको हकमा पचास हजार रुपैयाँ

ख) संस्थाको हकमा दुई लाख रुपैयाँ

५. स्थानिय तहलाई भू-सेवा केन्द्रको अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

६. भू-सेवा केन्द्र सञ्चालनको अनूमति पत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

०७८।११।३
कार्यालय प्रमुख